परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३३ २०७८ चैत १३ गते आईतवार Sunday 27, MAR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## नयाँ वर्ष २०७९ लाई लक्षित गरी बैण्ड कर्न्सट




विराटनगर । नयाँ वर्ष २०७९ लाई लक्षित गरी श्रस्था नेपाल, सोलिस इन्टरटेन्मेन्ट र तृष्णा रेष्टुरेन्टको आयोजनामा 'द एज बैण्ड कर्न्सट' को आयोजना हुने भएको छ ।

एयरपोर्ट लाइनमा रहेको तृष्णा रेष्टुरेन्टमा पत्रकार सम्मेलन गरी २०७९ साल चैत १९ गते शनिवारका दिन सो रेष्टुरेन्टमा कर्न्सट गर्ने मोडेल साजीत आलमले वताए ।

सोही पत्रकार सम्मेलनमा प्रदेश १ का सांसद विन्दीया कार्कीले एयरपोर्ट लाईनलाई काठमाण्डौको ठमेल एरिया जस्तै होटलै होटल भएको एरिया वनाउनु पर्छ भन्दै अगामी दिनमा सांसदकोषबाट केही रकम छुट्याएर भएपनि प्रत्येक विजुलीको पोलमा लाईट लगाउने काम गर्ने वताए । यस्तो कार्य गरे पर्यटक भित्रियाउन समेत सजिलो हुने वहाँको भनाई थियो ।

द एज बैण्ड नेपालकै उत्कृष्ट बैण्ड रहेको भन्दै विराटनगरमा धेरै समय पछि कन्सर्ट गर्न लागेको आयोजक मध्येका रविन श्रेष्ठले जानकारी गराए । सो बैण्डको चचित गितहरु जस्तै न चाहेको होइन, सम्झीने मुटुहरु लगायत अन्य प्रस्तुतीहरु रहने छ । सो कर्न्सटमा ३ सय देखि ३ सय ५० जना युवा-यूवतीहरुलाई सहभागीता गराउने लक्ष्य रहको छ ।

बैण्ड कर्न्सटमा सहभागी हुन चाहनेले २ हजारको टिकट खरिद

वांकी अन्तिम पेजमा...

## मुख्यमन्त्री राई र स्वीस राजदुत बीच दोस्रो पटक भेटवार्ता

विराटनगर । प्रदेश नम्बर १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईसँग विहीवार नेपालका लागि स्वीजरल्याण्डकी राजदूत एलिजावेथ भोन क्याप्लरले द्विपक्षीय हितका बारे भेटवार्ता गर्नु भएको छ । राजदूत भोन क्याप्लरको मुख्यमन्त्री राईसँग यो दोस्रो भेट हो । यसअघि उहाँहरूबीच पुस १ गते भेटघाट भएको थियो ।

राजदूत भोन क्याप्लरले पहिलेकै भेटघाटको निरन्तरताको रुपमा स्वीस सहायतामा सञ्चालनमा भएका परियोजनाका बारे थप छलफल र समीक्षा गर्न चाहेको उल्लेख गर्नुभयो । यही बीचमा प्रदेश नं. १ सरकारले स्वीस परियोजन ।अन्तर्गत रहेको पदमार्गमा आधारित पर्यटन विकास परियोजना स्वीकृत गरेकोमा राजदूत क्याप्लरले खुशी व्यक्त गर्नु भएको थियो ।

विकास साझेदारहरूमध्ये आफूहरू सम्भवत: प्रदेश सरकारसँग धेरै प्रगाढ र नजिकको सम्बन्धमा रहेर साझेदारीमा काम गर्न पाएकोमा उहाँले थप प्रसन्नता व्यक्त गर्दै राजदुत क्याप्लरले प्रदेश नं. १ मा लगभग २ अर्ब बराबरको सहयोग कार्यक्रम सञ्चालन भएको बताउँदै ती कार्यक्रमबारे प्रदेश सरकारको पृष्ठपोषणको अपेक्षा रहेको उल्लेख गर्नुभएको थियो ।

प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले स्वीस परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमको मसिनो ढंगले अध्ययन गरी नसके पनि यो परियोजना प्रदेश १ लागि एकमात्रै वैदेशिक सहयोगको कार्यक्रम भएको बताउनुभयो । उहाँले सहयोग र सहकार्य निरन्तर हुने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री राईले संघीय प्रणाली

वांकी अन्तिम पेजमा...

## क्रान्तिकारी योद्धा मानध्वजको सालिक अनावरण

भोजपुर । भोजपुरको अरुण गाउँपालिका ६ जरायोटारमा निर्माण गरिएको २००७ सालका क्रान्तियोध्दा स्व.मानध्वज राई(फुइकी बाजे)को सालिक अनावरण गरिएको छ ।

बिहीबार एक कार्यक्रमका बिच प्रदेश एकका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले सालिकको अनावरण गर्नुभएको थियो । सालिकको अनावरण गर्दै मन्त्री कार्कीले राणा शासनका बेला पनि परिवर्तनको बिगुल फुक्ने स्व. राईको प्रतिमा बनाउनु र त्यसमा पनि आफैंले उद्घाटन गर्न पाउनु सौभाग्य भएको बताउनु भएको थियो ।

राणा कालमा पुर्खाहरूले रैतीको जीवनयापन गर्ने गरेको सहन नसकेर रैती हुनुभन्दा सहिद हुनुपर्छ भन्ने सोचका साथ बिपी कोइरालाहरूले सुरु गरेको अभियानमा स्व.राई लागेको उहाँले स्मरण गरेका थिए ।

अन्यायका विरुद्धमा लड्नुपर्ने बताउँदै उहाँले ऐतिहासिक पात्रहरूको सालिकले केवल प्रतिमा मात्र नभएर ऐतिहासिक तथ्यको झझल्को दिने बताउदै स्व. राई जिल्लामा नयाँ नयाँ कृषि तथा फलफूलका बोटबिरुवा ल्याउने व्यक्तिका रूपमा चिनिने भएकाले कृषि क्रान्तिका अभियन्ता पनि भनेर चिनिनुहुन्छ । राईको निधन २०३० सालमा भएको थियो ।

मन्त्री कार्कीले सालिक सँगै निमाण गरिएको जोडी जरायोको प्रतिमाको पनि उद्धाटन गर्नुभयो । जरायोटार प्रदेश एकको बिचको भूभाग रहेको उल्लेख गर्दै मन्त्री

वांकी ३ पेजमा...

## मिल्स गोल्डकप,दमक एकेडमि सेमिफाइनलमा

विराटनगर । दमक एकेडेमी झापा दोस्रो संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको अन्तिम चारमा पुगेको छ ।

मिल्स गोल्डकप फुटबल ट्रष्टको आयोजनामा विराटनगरस्थित जुट मिलको खेलमैदानमा शनिबार भएको खेलमा एन्फा एकेडेमी धरान सुनसरीलाई ट्राइब्रेकरमा ४-३ गोलले हराउँदै दमक सेमिफाइनलमा पुगेको हो ।

निर्धारित समयसम्म १/१ गोलको बराबरी भएपछि खेल ट्राइब्रेकरतर्फ ढकलिएको थियो । दमकले नतिजाका लागि ट्राइब्रेकरसम्म संघर्ष गर्नुपर्‍यो । निर्धारित समयमा दुवै टिमले बराबरी खेले ।

टाइब्रेकरमा दमकका सोहन सिन्थाङ्ग, दिपक थापा मगर, रमन राई र ओम प्रकाश तामाङले गोल गरे । धरानका राहुल लिम्बु, माल्दिना आङथाक र सबिनाय कटुवालले मात्र गोल गरेका थिए । रितेस थापा मगर र सेवन थापा मगरको प्रहार दमकका गोलकिपर आयूष लिम्बूले उत्कृष्ट बचाउँ गरिदिए । ट्राइब्रेकरमा दुवै गोल सेभ गर्ने दमकका गोलकिपर आयूष म्यान अफ द म्याच घोषित भए । उनले नगद पाँच हजार रूपैयाँ प्राप्त गरेको छ ।

खेलको २७ औं मिनेटमा दमकका राहुल लिम्बूले मध्यभागबाट एक्लै बल अगाडि बढाएर वान भर्सेस वानको प्रहार गोलमा परिणत भएको थियो । दमकलले अग्रता लिएको ८ मिनेट पनि बित्न नपाउँदै धरानका सोहन सिन्ताङले ३५ औं मिनेटमा गोल

वांकी ३ पेजमा...




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नयाँ वर्ष...

गर्नु पर्नेछ । सो टिकट तृष्णा रेष्टुरेन्टमा नै उपलब्ध हुने छ । कर्न्सटमा कुल लागत १७ लाख लाग्ने आयोजकहरुले अनुमान गरेका छन् ।

कर्न्सटमा प्रदेश नं. १ का मुख्य मन्त्री, मन्त्री, मेयर लगायत उच्च पदस्त कर्मचारी, उद्योगी, व्यापारी लगायतको सहभागीता रहने आयोजकले वताए ।

## मिल्स...

फर्काउँदै खेल बराबरीमा ल्याएका थिए । दमकका डिफेन्डर रोसन धिमालले हेडमार्फत बल किपर आयुष लिम्बूलाइ दिएका थिए । तर किपरको हातबाट बल फुत्कियो । उक्त बललाई सोहनलेले गोलमा परिणत गरी खेल बराबरीमा ल्याएको थियो ।

पावर गेम खेलेका दुवै टिमले गोल गर्ने थुप्रै राम्रा अवसर गुमाएका थिए । खेलको २५ औं मिनेटमा दमकका किस्मत लिम्बुले मध्यभागबाट एक्लै अगाडि बढाएको बललाई सबै डिफेन्डर बिट भइसकेको अवस्थामा पनि पोस्टमा प्रहार गर्न सकेका थिएनन् । ३० औं मिनेटमा धरानका सोहन सिन्ताङ्गले डिबक्स भित्रबाट गरेको कडा प्रहार गोलपोष्ट माथिबाट बाहिरिएको थियो । ४७ औं मिनेटमा दमकका मल्दीना आङथापुले दोस्रो बार च्यापेर गरेको प्रहार बाहिरियो । ५९ औं मिनेटमा दमकका आयूष श्रेष्ठे डिबक्स भित्रबाट किपरलाई बिट मार्दै गरेको उत्कृष्ट प्रहार गोल पोष्ट माथिबाट गएको थियो । ६० औं मिनेटमा धरानका रोनिक राज म्याङबोको सशक्त प्रहार दमकका गोलकिपर आयूष लिम्बुले उत्कृष्ट सेभ गरिदिएका थिए ।

आइतबारको खेल गाइघाट एघार उदयपुर र साइनो स्पोर्टस क्बल विराटनगर रानीबिच हुने भएको छ ।

## क्रान्तिकारी...

कार्कीले प्रदेश सरकारले यसको विकाशका लागि नवीन ढङ्गले अगाडि बढ्ने बताएका थिए ।

गाउँपालिकाका अध्यक्ष गजेन्द्र बहादुर कार्कीले आफ्नो पालिकाले पालिकाले जनतालाई घर घरमा सरकार आएको महसुस हुने गरी काम गरेको बताउन भयो । वक्ताहरूले स्वाराईले जस्तो योगदान पुर्याएकालाई यसैगरि सम्मान गरेर चिनारी दिनुपर्ने बताएका छन् ।

मन्त्री कार्कीले वडा नं ६ मै २० रोपनी जग्गामा निर्माणाधीन खेल मैदानको पनि अवलोकन गर्नुभयो । मैदानको अवलोकन गर्दै उहाँले मैदान निर्माणका लागि पनि आवश्यक सहयोग गर्ने बताउनु भएको थियो ।

## मुख्यमन्त्री...

लागू भएपछिको पहिलो कार्यकालमा रहेको प्रदेश सरकारलाई अझ पनि अनुभवको कमी रहेको बताउनु भयो । उहाँले जनताको अपेक्षा अनुसार पर्याप्त बजेट अभाव अहिले चुनौतीको रुपमा रहेको बताउनु भएको थियो ।

# मुक्ति घाटको साधारण सभा भव्यताका साथ सम्पन्न

हिरालाल साह

बिराटनगर । केशलिया खोला स्थित बिराटनगर महानगर पालिका वडा नं. ६ को सिमानामा पर्ने केशलिया मुक्ति घाटको पाँचौ साधारण सभा किराँत याख्खाको सभाहलमा सम्पन्न भएको छ ।

उक्त साधारणसभामा संस्थाका अध्यक्ष मणि बहादुर राईले पाँचौ साधारणसभाको प्रगति प्रतिवेदन तथा भावी कार्ययोजना प्रस्तुत गरेका थिए । प्रतिवेदनमा श्मशान घाटको स्थलमा जग्गा छुट्याएर घेराबेरा गर्ने, शव जलाउने स्थानको व्यवस्थापन गर्ने, दाउरा, पानी, शौचालयको व्यवस्थापन गर्ने, विश्राम स्थलको निर्माण गर्ने, वृक्षारोपण गर्ने र स्थलको सरसफाइ गर्ने भावि योजना रहेको छ ।

कार्यक्रममा कोषाध्यक्ष सरु पहरुले आर्थिक वर्ष २०७७/०७८ को आर्थिक प्रतिवेदन प्रस्तुत गरका थिए । संस्थाको विधानमा संसोधन प्रस्ताव कालभान राईले प्रस्ताव सर्वसम्मतिले साधारणसभाबाट अनुमोदन भएको छ ।

बिशिस्ट अतिथि ज्येष्ठ नागरिक तथा समाजसेवी रिटायर मेजर मान बहादुर राईले श्मशान घाटमा रहेको चिहान भत्काइएको प्रति दुखेसो व्यक्त गर्दै संरक्षणमा सबैको ध्यान जानुपर्ने बताए । कम्तीमा पनि त्यस स्थानको सरसफाइमा ध्यान पुऱ्याउन आग्रह समेत गरेका थिए ।

त्यसैगरी समाजसेवी दिल बहादुर थेवेले बिराटनगर महानगरपालिकाले घाट नजिकै डम्पिङ साईट बनाएर दुर्गन्धित बनाएको प्रति आपत्ति जनाउँदै त्यस ठाउँबाट तुरुन्तै डम्पिङ साईट हटाउन पहल गर्नुपर्नेमा जोड दिए ।

शुभकामना मन्तव्यको क्रममा बिराटनगर ११ का वडा अध्यक्ष तिर्थेन्द्र न्यौपानेले डम्पिङ साईट हटाउन तथा अन्य सहयोग गर्न आफ्नो तर्फबाट लाग्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी संस्थाका उपाध्यक्ष राम प्रसाद साहले समेत शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रम संचालन सचिव नारायण चौधरीले गरेका थिए










शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ । संस्कृति हराए पहिचान हराउँछ, पहिचान हराए राष्ट्र हराउँछ ॥ नाराका साथ हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियान प्रबुद्ध नागरिक गोष्ठी विराटनगरको अतिथी सदनमा भव्यताको साथ सम्पन्न भएको छ । गोष्ठीमा सहभागी प्रमुख अतिथी र अतिथीहरु । तस्वीर : श्याम सुन्दर सुतिहार

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

## कसैलाई सर्पले टोकिहालेमा

* नआतिऔ र विरामीलाई सान्तवना दिऔ,
* सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
* परम्परागत झफुकको विधिमा नअल्मलिऔं,
* जति सक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्रमा पुऱ्याऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

### हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दुग्ध विकास संस्थान
परिवार, कंचनवारी
विराटनगर

### हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD.
BIRATNAGAR

### हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लाईफ गार्ड हस्पिटल
परिवार, विराटनगर
वरगाछी

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### अपराधिक घटनामा संलग्नलाई कानुनी दायरामा लिऔं

नेपाली समाजमा अहिले अपराधिक अटनाहरुको दिन दुना रात चौगुना बढ्दै गई रहेको छ । यस्ता घटना समान्य जनता देखि पदमा वहालवा मन्त्री, नेता, उद्योगी, व्यपारी लगायत सबै जसो क्षेत्रमा अहिले टड्कारो रुपमा देखिएको छ बालिकाको बालात्कार, बालिका वालात्कार मा नबालक वालक देखि यूवा, वृद्धबृद्धा समेत संलग्न भएको घटनाहरु दिन दिनै वाहिरी रहेको छ। त्यसै गरी लागु औषध सेवा र ओसार पोसार मा समेत संलग्न रहेको आरोपमा दिनहँ दर्जनौ यूवा यूवतीहरुलाई प्रहरीले पक्राउ गर्ने गरिन्छ । पक्राउ गरेको सामाचार विहान वेलुका संचार माध्यमवाट हेर्न र सुन्न पाईन्छ तर ती अपराधिक गतिविधीमा संलग्न भई पक्राउ परेकाहरुलाई कानुन बमोजिम भएको सजयको वारेमा कहि कतै सुनिदैन। त्यस्ता अपराधिक घटनामा संलग्न भएकोहरुलाई कारवाही भएको छ भने त्यो सार्वजनिक हुन जरुरी  छ। ती घटनाहरु सार्वजनिक नहुँदा समाजमा अपराधिक घटनामा संलग्नको मन दिन दिनै बढ्दै गई र हको छ। अपराधिक घटनामा संलग्नलाई अदालतको तजविजमा नभई कानुनले ताकिएको अधिकतम जरीवाना र सजाय गर्नु पर्छ।

बालिका दुर्व्यव्यवहारको पछिल्लो मोरङको लेटाङ नगरपालिका वडा नं. ५ स्थित शिक्षा विकास माध्यमिक विद्यालयमा भएको विद्यार्थी माथि शिक्षकले गरेको यौन दुर्व्यवहार सम्वन्धमा प्रहरीले कानुन वमोजिम अपराधीलाई समाउन जाँदा सयौ मानिसको भिडमा प्रहरी जवानलाई घाईते बनाएको थियो । ती घाईते प्रहरीको उपचारको क्रममा मृत्यु भएको छ । त्यस घटनाले प्रहरीले शान्ति सुरक्षमा कसरी खट्ने भन्न सवाल तेरसिएको छ। ज्यान गएकी प्रहरी जवान उर्मिला श्रेष्ठको घटनामा संलग्न जो सुकै भए पनि कारवाहीको दायरामा ल्याउन राज्य र प्रहरी प्रशासनको कर्तव्य हो।

यौन दुर्व्यवहारका घटनाहरुमा कतिपयै ठाउँमा गाउँ समाजका ठूला भनाउँदा नेताहरुले नै आरोपितलाई वचाउन लागि परेको हन्छ त्यसैले त्यस्तो दुष्कर्म गर्ने व्यक्ति र घटना मिलाउने नेता तथा गाउँ समाजका भद्र भलादमीहरुलाई समेत कानुनी दायरामा लिन जरुरी छ। कुनै पनि अपराधमा संलग्न भनेर आरोप लागेको व्यक्तिलाई समाजले छुट दिने वा आफैं कारबाही गर्ने भनेको कानुनी शासनलाई चुनौति दिनु हो। सनातनी ढंगले छानबिन समिति बनाउने र त्यसको प्रतिवेदनलाई धमिराको आहार ा बनाउने परम्परालाई तोड्दै लेटाङ घटनाको सही तथ्य छानवीन गरी दुर्व्यवहार गर्ने शिक्षक र सो घटनाकै कारण मृत्यु भएको प्रहरी माथि आक्रमण दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याई कडा भन्दा कडा सजाय दिलाउनु पर्छ। अन्यथा समाजमा बालिका वालात्कारका घटना दिन दिन वृद्धि हुनवाट कसैले पनि रोक्न सक्दैन।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# विकास, सुशासनमा स्थानीय सरकार

गोपीनाथ मैनाली

संघीयताको अवलम्बनपछि स्थानीय तहहरूले निर्वाचित नेतृत्व पाएको पाँच वर्ष बित्दैछ। निर्वाचनका समयमा निर्वाचक र निर्वाचित दुवै निकै उत्साहित थिए। आफ्नो पहिलो कार्यअवधि सकिनै लाग्दा जनताका नजिकका सरकारले के कस्ता काम गरे वा गर्न सकेनन् भन्ने समीक्षा गर्ने बेला भएको छ। जसले निर्वाचनका क्रममा जनता र निर्वाचित हुन उम्मेदवारबीचको छलफललाई सहयोग पुऱ्याउँछ। साथै अब निर्वाचित हुने पदाधिकारीलाई नागरिक कार्यसूचीलाई प्राथमिकतामा राख्न पनि सहयोग पुऱ्याउनेछ।

स्थानीय तह विकास र सुशासनका आधार हुन सक्ने खास तथ्यहरू छन्। पहिलो त यसले जनताको नजिकमा रहेर काम गर्छ। नजिकको सरकार भएका कारण जनताका दैनन्दिनी समस्या घरदैलोबाट नै समाधान हुने आधार दिन्छ। दोस्रो, स्थानीय प्रतिनिधिहरू सामाजिक वास्तविकतासँग परिचित हुन्छन्। जसको जगमा विकास र सेवा व्यवस्थापन गर्ने दह्विलो आधार मिल्छ। तेस्रो, साधन र सेवा (कर र कार्यक्रम) बीचको प्रत्यक्ष सम्बन्ध कायम हुन सक्छ। चौथौ, निर्वाचितहरू आफ्ना निर्वाचकप्रति तत्काल ग्रहणशील हुने पहुँच दिन्छ। पाँचौं, विकास र सेवा व्यवस्थापनमा उस्तै परे यसले पार्टीलाइन काट्न सक्छ। सबैभन्दा महत्वपूर्ण पक्ष विकास र व्यवस्थापनको लागत घटाउँछ।

स्थानीय आर्थिक संरचना निर्माणमा पनि पारखी बन्न सक्छन्। किनकि स्थानीय सम्भावनाको विषयमा स्थानीय सरकार जानकार रहन्छन्। लोकतन्त्रलाई कार्यमूलक बनाई लोकतन्त्रका लाभहरू स्थानीयकरण गर्ने दायित्व र सामर्थ्य यी निकायहरूमा छ। त्यसो गर्न जवाफदेहिताको स्वचालित नागरिक प्रक्रिया पनि रहन्छ। त्यसकारण भन्ने गरिन्छ, समृद्धि र सुशासन संघको नाम हो, स्थानीय सरकार। स्थानीय शासन लोकतन्त्र र विकासको कार्यमूलक पक्ष हो। स्थानीय सरकार त्यसको कार्यआधार। तर, लोकतन्त्रका बलिया खम्बा र नागरिक विश्वासका धरोहर स्थानीय तह अपेक्षा गरे जसरी कार्यमूलक देखिएनन्। न जवाफ देहिताका केन्द्र बने, न त सेवास्थल नै बन्न सके। पाँच वर्षअघिको अपार उत्साह र अपेक्षाहरू साबुनका फिँज भैं स्याप्प बनेका छन्। नागरिक चेहरा निन्याउरिएका छन्। नागरिकहरू केवल सेवाका अपेक्षी छन्।

भोट दिए र कर तिरेपछि स्थानीय सरकारबाट सेवा र विकास पाउनु उनीहरूको अधिकार हो। स्थानीय सरकार नागरिक अपेक्षा पूरा गर्न नसकेकोमा कुनै बहाना वा अन्यत्र लाञ्छना लगाउन सक्लान्। तर, नागरिकलाई त्यसको मतलव छैन। कसले सहयोग गऱ्यो, गरेन भन्दा पनि काम र परिणामलाई मात्र महव दिन्छन्। वाचा र अपेक्षाअनुसार काम हुन नसकेकोमा गुनासो गरिरहेका छन्। आक्रोश ओकलिरहेका छन् र निराशा पोखिरहेका छन्। पसिना (कर) र विश्वास (मत) को अपमान भयो भनिरहेका छन्। कर र मत दिएपछि जवाफदेहिता माग्नु निर्वाचकको अधिकार हो, जवाफदेही बन्नु निर्वाचितको कर्तव्य। जनताका माग र अपेक्षा पनि त्यति ठूला थिएनन्। सिँचाइ गर्ने कुलो, आवतजावत गर्ने बाटो, लालाबालाका लागि स्तरीय शिक्षा, रोगव्याधिको उपचार, सिफारिस र सामान्य सेवा, बत्ती, धारो, सरसफाइ, सुरक्षाजस्ता जीवन निर्वाहका अति आवश्यक सेवा नै उनीहरूका माग र अपेक्षा थिए।

जनताले बुझेको लोकतन्त्र र संघीयता यही थियो। फेरि भनिएला, कोभिड महामारीका कारण यी काम गर्न सकिएन। विपद्मा सेवाको उपलब्धता झनै हुनुपर्छ भन्ने बोधबाट पर रहने छुट नागरिक संस्थालाई कहाँ छ र ? भनिएला, राजनीतिक खिचातानीले त्यसो गर्न दिएन। के बुझ्नुपर्छ भने स्थानीय सरकार राजनीतिभन्दा सेवास्थल हुन्। राजनीतिक संरचना हो भने पनि अस्थिरताको कारण पनि स्वयं हुन्। आन्तरिक राजनीतिक अस्थिरताको मूल्य नागरिकले चुकाउनु पर्ने स्थिति आउन दिनु नै हुने थिएन। राजनीतिक अस्थिरता र बेथितिको मौन साक्षी बनेर भूमिकाको छुट पाउन सकिँदैन।

स्थानीय सरकार नागरिक अपेक्षा पूरा गर्न नसकेकोमा कुनै बहाना वा अन्यत्र लाञ्छना लगाउन सक्लान्। तर, नागरिक पसिना (कर) र विश्वास (मत) को अपमान भयो भनिरहेका छन्।

संघ र प्रदेशलाई नियन्त्रण र सन्तुलनमा ल्याउन सक्ने शक्तिको अभ्यास गर्नुपर्थ्यो। नसक्दा पनि विकासको अब्बल भूमिकाबाट संघ र प्रदेशलाई चुनौती दिन सक्नुपर्थ्यो। स्थानीय सरकारको कार्यउपलब्धिबाट नैतिक रूपमा नै संघ र प्रदेश नतमस्तक हुन सकुन्। सच्चिन र स्वनियमित हुन सकुन्। दुःखको कुरो, पहिलो कार्यावधिमा धेरैजसो स्थानीय सरकार विकास र सुशासनका अभ्यासशाला बनेनन्। पाँच वर्षको ठूलो अवसर बित्थामा जाँदैछ। राष्ट्रिय जीवनमा पाँच वर्षको ठूलो महत्व रहन्छ।

कतिपय पालिकाले आर्थिक वर्षभित्र वार्षिक योजना (बजेट) पनि ल्याउन सकेनन्। तीन वर्षअघि २६ पालिकाले आर्थिक वर्षभित्र बजेट कार्यक्रम ल्याएका थिएनन्। दुई वर्षअघि यो संख्या बढेर ३९ पुग्यो। यस आर्थिक वर्षका लागि ५२ पालिकाले गत आर्थिक वर्षमा बजेट पारित गरेनन्। आर्थिक वर्ष २०७७/०७८ मा ५ सय ५२ पालिकाले मात्र असार १० गते बजेट कार्यक्रम सभामा प्रस्तुत गरे। २ सय १ ले त्यसो गर्ने सामान्य तत्परता पनि देखाएनन्। विकास योजना पनि समयमा ल्याउन नसक्ने स्थानीय सरकारको कल्पना गरिएको थिएन। केन्द्रीय सरकारभन्दा हरेक विषयमा ग्रहणशीलता र सामाजिक वास्तविकतासँग नजिक रहने आशयसाथ स्थानीय सरकारको आविष्कार भएको थियो।

घर, टोल र बस्तीका सुखदुःख, फोहोर व्यवस्थापन, स्वास्थ्य, पानी, धारो, बिजुलीका विषयमा सोधबुझ सिंहदरबारले गर्न सक्दैन। त्यही भनेरै घरआँगनमा सरकार अर्थात् सिंहदरबार पुऱ्याइएको थियो। भनिएको समयमा बजेट पनि पेस गर्न नसक्दा जनताका माग र विकास आवश्यकता कसरी सम्बोधन भए होलान् ? स्वतः अनुमान लगाउन सकिन्छ। गत आर्थिक वर्षमा ७ सय ५३ पालिकाले आफ्नो बजेट कुल ५ सय ३३ अर्बमा ३ सय ९१ अर्ब (७३ प्रतिशत) मात्र खर्च गरे। गरिएको खर्चमा चालूतर्फको विनियोजनमा ८१.५ र विकासतर्फको विनियोजनमा ६४ प्रतिशत मात्र रह्यो। सरकारका हैसियतमा रहेका पालिकाहरूले गत आर्थिक वर्षमा केवल ३५ अर्ब मात्र आन्तरिक राजस्व संकलन गरे। यसले संघको वित्तीय अनुदानमा आशक्ति देखाएको तर आफ्ना नागरिकमा कर लगाउने हिम्मत नभएको पनि देखाएको छ।

सेवा र विकासका सापेक्षमा राजस्व उठ्ने/उठाउने हो। सायद राम्रो काम गर्न नसकेकाले वा नागरिकलाई थप चिढ्याउन नचाहेर पनि सम्भाव्य आन्तरिक साधन परिचालन गर्न नसकिएको होला। त्यस्तै, गरिएको खर्चको गुणस्तर पनि सन्तोषप्रद देखिँदैन। खर्च प्रणाली सुधार गर्नुपर्ने स्थिति छ। गत आर्थिक वर्ष लेखा परीक्षण गरिएको वित्तीय कारोबारमा ४० अर्ब २४ करोड बेरुजु देखियो। कारोबारको ५ प्रतिशत बेरुजु देखिनु वित्तीय सुशासनको सूचक होइन। यसले आर्थिक क्रियाकलापमा अनियमितताको अंश छ भन्ने सन्देश दिएको छ। केही पालिकामा कारोबारको ३८ प्रतिशत बेरुजु देखिएको छ। प्रदेश नं २ का पालिकाहरूमा १०.२७ प्रतिशत बेरुजु देखिएको छ। कर्णाली र बागमती प्रदेशका पालिकाहरूमा पनि बेरुजु आयतन बढी छ।

स्थानीय तहहरूको कुल बेरुजु १ सय ३ अर्ब पुगिसकेको छ। एउटा पालिकाको त ३६ करोड वार्षिक बजेटमा चार वर्षको बेरुजु ४४ करोड पुगेको छ। भनिएला, सबै बेरुजु अनियमित कारोबार होइन तर के चाहिँ जरुर हो भने बेरुजुमा अनियमितता र अपराधहरू लुकेका हुन्छन्। गत वर्षको कुरा गर्दा ६८ करोड रुपैयाँ लेखा परीक्षणले औंल्याएपछि अन्तिम प्रतिवेदन आउनुअघि नै असुल भएको थियो। अझै असुल गर्नुपर्ने रकम ५ अर्ब ४४ करोड छ। धेरैजसो पालिकाले आवधिक योजना बनाए पनि त्यसलाई वार्षिक योजनामा समावेश गर्ने रोलिङ प्लान बनाउन चुकेका छन्। कतिपयले मध्यकालीन खर्च संरचना त बनाएका छन्, त्यो बजेटलाई मार्गदर्शन गर्नेभन्दा पनि गर्नुपर्छ भन्ने औपचारिकता मात्र पूरा गरिएको छ।

योजनाअनुरूप खरिद योजना बनाएका छैनन्, खरिद (निर्माण) कार्यमा प्रतिस्पर्धा गराउन चुकेका छन्। उपभोक्ता समितिमार्फत गराइएका कामले विकास व्यवस्थापनमा बेथिति मात्र होइन, विकृति नै भित्रिएको छ। जुन नागरिक स्तरसम्म फैलिँदै छ। यसले स्थानीय सदाचार संस्कृति र विकास सुशासनलाई गम्भीर चुनौती दिएको छ। स्रोत निश्चित नभैकन आयोजना थपिएका थपियै छन्। यसले सीमित साधनको प्राथमिकता माथि प्रश्न उठाएको छ। त्यस्तै, स्थानीय अर्थतन्त्रको मुख्य आधारका रूपमा रहेको प्राकृतिक स्रोतमाथि उग्र र अविवेकी दोहन भइरहेको छ। प्राकृतिक प्रणालीले पुनभरण/पुनउत्पादन गर्न सक्ने हदभन्दा माथि पानी, माटो, बालुवा, ढुंगा र गिटीको दोहन भइरहेको छ।

भावी पुस्तालाई असजिलो जीवन प्रणाली उपहार दिने काम नैतिक दृष्टिबाट पनि उपयुक्त होइन। स्थानीय सरकार विकास व्यवस्थापन यी पक्षहरूमा कहिले जिम्मेवार बन्लान् भन्ने अग्लो प्रश्न ठडिएको छ। उल्लेख गरिएका विषय सांकेतिक मात्र हुन्, समग्र होइनन्। केही पालिकाले विकास व्यवस्थापन, वित्तीय सुशासन, प्राकृतिक स्रोत व्यवस्थापन र सेवा व्यवस्थापनमा उदाहरणीय बनेका छन्। जुन पालिकामा उदाहरणीयता देखिएको छ, त्यहाँ पनि प्रणाली निर्माणबाट भन्दा नेतृत्वको जबर्दस्त घिच्याइबाट सम्भव भएको देखिन्छ। स्थानीय तहमा रहेका पदाधिकारीको व्यक्तिगत क्षमता, नेतृत्व क्षमता र प्रणालीको क्षमताबाट मात्र स्थानीय सुशासन स्थापित हुने हो।

यसो गर्न संघीय सरकारको मनोवृत्ति, कर्मचारीतन्त्रको व्यावसायिक सदाचारिता, नीति संरचनाको पर्याप्ततासहित स्थानीय निर्वाचकहरूको निरन्तर खबरदारी पनि चाहिन्छ। पहिलो कार्यअवधि जे जसरी बिते पनि दोस्रो कार्यअवधिमा यी कमजोरी दोहोरिन हुँदैन। यदि त्यसो भएमा नागरिक वितृष्णा बढ्न गई संघीय लोकतन्त्रप्रति नै प्रश्न उठ्नेछ। यसर्थ स्थानीय तहलाई विकास र सुशासनका अब्बल कार्यशाला बनाएर लोकतन्त्रका अवसर निर्माण गर्नु अहिलेको चुनौती हो।- मैनाली सरकारका पूर्वसचिव हुन्। अन्नपुर्ण पोष्टबाट


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# लागुऔषध सहित आमा छोरा पक्राउ

झापा । झापाको मेचिनगर नगरपालिका वडा नं. १० बाट लागुऔषध सहित आमा छोरा पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सोहि स्थानकी ४५ बर्षीया मैनी खातुन र छोरा २५ बर्षीय मेबुव आलम रहेका छन ।

मंगलवार बिषेश सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय धुलाबारी र लागुऔषध नियन्त्रण व्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले खातुनको घरमा चेक जाँच गर्दा ९ ग्राम ३२ मिलिग्राम ब्राउनसुगर, २४ ग्राम गाँजा, डिजिटल तराजु १ थान नगद ९ हजार ५ सय साठी रुपैया र बिभिन्न कम्पनीका मोवायल ९ थान बरामद गरेको थियो ।





प्रतिवन्धित लागुऔषध सहित पक्राउ परेका आमा छोराको इलाका प्रहरी कार्यालय धुलाबारीबाट थप अनुसन्धान भईरहेको छ ।




## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# विराटनगर महानगरपालिका स्वास्थ्य क्षेत्रमा असफल



लेखक : जय प्रकाश महमतो

विराटनगर । नेपालको पहिलो औधोगिक नगरीविराटनगर हो । त्यसमा पनि विराटनगरको रानी क्षेत्रमा रहेको पहिलो उधोग जुट मिलको नाम नै काफि छ। यस मिलमा मजदुरहरुको नेतृत्व गर्ने नेताहरु देशको प्रधानमन्त्री भए । ति प्रधान मन्त्रीहरुको छोरा-छोरीहरु सामान्य जाँच गराउन विदेश जाने गर्छ तर त्यस ठाँउको मान्छेहरुको आर्थिक, शैक्षिक र सामाजिक अबस्थानि कै कमजोर नै रहेको छ । बिराटनगरमा कुनै पनि पार्टी, संघ संगठनहरुले राजनीतिक, शैक्षिक, सामाजिक आन्दोलन गर्दा रानी बिराटनगरको जनताले सक्रिय भुमिका निर्वाह गर्ने गर्दछ । तर त्यस ठाँउको जनताको लागि न्युनतम स्वास्थ्य चौकी भए पनि औषधी, डाक्टर र जाँच गर्ने मसिनहरुको अभावको कारण उनीहरुको अवस्थादयनिय रहेको छ ।

मजदुर बाहुल्य क्षेत्र रहेको रानी विराटनगरको एरिया वडा नं १५ को प्राथमिक स्वास्थ्य केन्द्रबाट रोडशेष चौक देखि दक्षिण भेगका वडाहरु १२, १३, १४, १५, १६, १७, १८ का आम जनसमुदायको लागि उपयुक्त हुने र सहज सरल तरिकाले स्वास्थ्य सेवालिन सकिन्छ । तर बिराटनगर महानगर पालिकाले त्यस क्षेत्रलाई ध्यान नदिएकोले स्थानीय जनताहरुले निकै गुनासो गर्ने गर्दछ । रानी स्वास्थ्य चौकीलाई असल मनसायले व्यवस्थापन गर्ने हो भन्ने महानगर पालिकालाई आर्थिक आम्दानी पनि हुने र जनताले आफनो नजिकको स्थास्थ्य चौकीमा सुविधा लिन सक्ने स्पष्ट छ । यसबाट समयको बचत, आर्थिक भारको बचत र जनस्तरमा स्वास्थ्यको पहुँचहुने देखिन्छ । यस्तो महत्वपुर्ण काम गर्न नसक्ने बिराटनगरको प्रमुखको बौद्धिकक्षमतामाथि प्रश्न उठनु स्वाभाविक नै हो । साथै, महानगरपालिकाको कार्यालय अक्षम रहेको देखिन्छ ।

पुर्ण अधिकार प्राप्त पालिका निर्वाचन नेपालमा २० वर्ष पछि स्थानिय निर्वाचन २०७४ मा सम्पन्नभयो । आम नेपाली जनता मात्र होईन विश्वले नै यसलाई ठुलो उपलब्धीको रुप मालिएको थियो । आमजनताले समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना गरे तर त्यो कमजोर जननिर्वाचितप्रमुखहरुको कारणले जनताको न्युनतम आधारहरु शिक्षा, स्वास्थ्य र वासको व्यवस्था गर्न सकेन् । ति जन प्रतिनिधिहरु मध्ये एउटा हुन बिराटनगर महानगर पालिकाको प्रमुख लगायतका जन प्रति निधिहरु । यस्ता जनप्रतिनिधिहरुले गरिव कमजोरको स्वास्थ्यलाई समेत ध्यानदिननसक्नु दुखत कुरा हो ।

सामान्य सुविधा दिदाँ पनि महानगरलाई आम्दाणी बढने :यस प्राथमिक स्वास्थ्यकेन्द्रलाई स्वास्थ्य चौकी बनाएर काम गर्ने हो भन्ने त्यस भेगका जनतालाई धेरै फाइदापुग्ने देखिन्छ । त्यस भेगको जनतालाई ठुल ठुलो लाइनमा बसेर जाँचहरु गराउनबाट छुटकारा पाउने थियो । भिडियो एक्सरे, ल्याव र जेनेरल एक्सरे लगायत अन्य साधारण टेष्टहरु कम समयमा र कमखर्चमा टेष्ट गराउन सकिन्थ्यो तर त्यो कामहुन सकेको छैन् । ठुल ठुला मेडिकल माफियाहरुको कारण यो रिफर सेन्टर मात्रबनेको वाबनाईएको देखिन्छ । यसको जिम्मेवारी महानगरले लिन पर्ने देखिन्छ ।

यस प्रकार आमजनतालाई सय प्रतिशतकम दरमासुविधाप्रदान गर्न सकिन्छ । महगीजमानामाजनताले राहतपाउने छ । यस्तो कार्यक्रम नेपाल सरकारले चलाएको स्वास्थ्य बिमाबाट पनि संचालन गर्न सकिन्छ । जसरीप्राईभेट निजि अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम संचालन गरेर आम्दाणी गरिरहेको छ । त्यसरी नै महानगरपालकाले पनि आम्दाणी गर्न सकिन्छ । जसबाट विराटनगरको स्वास्थ्य विभाग अझ मजबुत हुनेछ ।

रानी स्वास्थ्य केन्द्रको बर्तमान अवस्था :

१) पुरानो भवन र शौचालय ( जवकी विभिन्न वडाहरुमा जन प्रतिनिधिहरुले नयाँभवनबनाएर आफनो काम सुचारु गरि सकेको छ) ।

२) मेडिकल अधिकृत सहित १२ जनाको दरवन्दी रहेको छ ।

३) प्राथमिकउपचार गर्नको लागिल्याव छ तर ल्यावमाचाहिने सामग्रीहरु नरहेको ।

४) विहान १० : ०० बजे खुल्ने र २ : ०० बजे बन्दहुने गर्दछ ।

५) नि:शुल्कऔषधीहरु स्वास्थ्य चौकीबाट सेवाग्राहीलाई उपलव्ध नहुने ।

६) उच्च स्तरिय भिडियो एक्सरे मसिनभएपनि संचालनमानरहेको ।

७) जेनेरल एक्सरे मसिनभएपनि संचालनमा नरहेको ।

८) स्वास्थ्य चौकीको फोहोर व्यवस्थापनमा समस्या रहेको ।

९) ल्यावको अवस्थादयनिय रहेको ।

रानी स्वास्थ्य केन्दमा गर्न नसकेको असफल कामहरु :

१) नि:शुल्कऔषधीहरु स्वास्थ्य चौकीबाट सेवाग्राहीलाई उपलव्ध गराउन असफल भएको ।

२) उच्च स्तरिय भिडियो एक्सरे मसिनभएपनि संचालनमा गर्न नसकेको ।

३) जेनेरल एक्सरे मसिनभएपनि संचालनमा गर्न असफल भएको ।

४) स्वास्थ्य चौकीको फोहोर व्यवस्थापन समस्या समाधान गर्न असफल भएको ।

५) विहान ८:०० देखी ४:०० बजे सम्म स्वास्थ्य चौकी संचालन गर्न असफल भएको ।

६) स्वास्थ्यबिमाकार्यक्रमलाई व्यवस्थापन गर्न नसकेको ।

७) स्थानीय सरकारको लगभग ५ वर्ष हुनलाग्दापनिनयाँभवनबनाएर हस्तान्तरण गर्न नसकेको र असफल भएको ।

८) भारत सरकारलेलगभग ४ वर्ष पहिलादिएको एम्बुलेन्स पनि संचालन गर्न असफल भएको ।

रानी स्वास्थ्य केन्दमाअव गर्नु पर्ने कामहरु :

१)तत्कालबनाएकोनयाँभवन हस्तान्तरण गर्नु पर्ने ।

२) विशेषज्ञ सेवा संचालन गर्नु पर्ने । त्यसको लागि दरबन्दीसिर्जना गर्नु पर्ने ।

(कम्तिमा १जनाफिजिसियन, १ जना सर्जन, १ जना स्त्री रोग बिशेषज्ञ र ल्याव टेक्निसियन सहित)

३) बिरामीबस्ने हलहुनु पर्ने ।

४) पार्किंगको व्यवस्था गर्नु पर्ने ।

५)विपन्न एरिया भएकोले नि:शुल्क औषधीहरु स्वास्थ्य चौकीबाट सेवाग्राहीलाई उपलव्ध गराउनु पर्ने ।

६) उच्च स्तरिय भिडियो एक्सरे मसिनतत्काल संचालनमा गर्नु पर्ने ।

७) जेनेरल एक्सरे मसिनतत्काल संचालनमा गर्नु पर्ने ।

८) स्वास्थ्य चौकीको फोहोर व्यवस्थापन समस्या समाधान गर्नु पर्ने ।

९) विहान ८:०० देखी ४:०० बजे सम्म स्वास्थ्य चौकी संचालन गर्नु पर्ने ।

१०) स्वास्थ्यबिमाकार्यक्रमलाई व्यवस्थापनगर्नु पर्ने ।

११)भारत सरकारले लगभग ४ वर्ष पहिलादिएको एम्बुलेन्स पनितत्कालसंचालन गर्नु पर्ने ।

१२) बर्थिङ्ग सेन्टर तत्काल संचालन गर्नु पर्ने ।

१३) आवश्यक पर्ने सामग्रीहरु स्वास्थ्य चौकीमाउपलब्ध गराउनु पर्ने ।

१४) स्वास्थ्य चौकीमा सुरक्षाको व्यवस्था गर्नु पर्ने ।

१५) आकस्मीक सेवातत्काल शुरु गर्नु पर्ने र कम्तिमा १५ बेडको अस्पतालको रुपमाबिकास गर्नु पर्ने ।

बिराटनगर महानगरपालिकाले तत्कालयी महत्वपुर्ण कामहरु नगरे दक्षिण भेगकाजनताहरु आन्दोलन गर्न बाध्यहुनेछ ।आन्दोलन भएयसको जिम्मेवारी महानगर पालिकाले लिनु पर्ने कुरा पनि जानकारी गराउन चाहान्छौं ।

लेखक महतो, नेकपा एमाले महानगर कमिटी, बिराटनगरको उप सचिव हुनुहुन्छ ।

### चेक जाँचबाट हुने राहत

| क्रस | चेकजाँचको नाम | रकमशुल्क | प्राईभेटमा लाग्ने शुल्क |
|---|---|---|---|
| १ | भिडियो एक्सरे | रु.६00।0 | रु.१२00।0 |
| २ | डिजिटलएक्सरे, प्रतिएक्सपोज | रु.४00।0 | रु.५00 |
| ३ | ल्यावअनुमानित | रु.१000।0 | रु.२५00।0 |
| | जम्मा | रु.२000 | रु.४२00।0 |

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर
विराटनगर, बरगाछी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज परिवार
विराटनगर, खारजी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेश राठी
उद्योगी!व्यवसायी
विराटनगर

## अवैद्ध छुरपी बोकेको गाडी सहित चालक प्रहरीको नियन्त्रणमा




इलाम । इलामको रोङ गाउँपालिका वडा नं. ४ जोरकलस स्थित मेची राजमार्गमा अवैध समान बोकेको गाडी सहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरी चौकी किटेनीबाट चेकिङमा खटिएको प्रहरी टोलीले झापाबाट इलाम तर्फ जाँदै गरेको प्रदेश १-०१-००१ च ९२१९ नम्वरको वलेरो गाडीमा अवैधरुपमा बोकेको अन्दाजी १९ लाख बरावरको २ हजार किलोग्राम (४० बोरा) हार्ड छुर्पी बरामद गरेको थियो ।

अवैध छुर्पी बरामद भए सगै उक्त छुर्पी, गाडी र चालक इलाम सुर्योदय नगरपालिका वडा नं. २ का निमा तामाङ सहितलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरी पठाएको इलाका प्रहरी कार्यालय पशुपतिनगरले जनाएको छ ।

## बैकिंग कसुर मुद्दाका फरार अभियुक्त पक्राउ

सुनसरी । जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले १ जना बैंकिङ कसुर मुद्दाका फरार अभियुक्तलाई मंगलवार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हरीनगरा गाउँपालिका वडा नं. १ का ३६ बर्षीय शम्सेर आलम रहेको छ । आलमलाई सम्मानित उच्च अदालत मोरङको २०७५ फाल्गुन २७ गते भएको बैंकिङ कसुर मुद्दा अन्तर्गत फैसला अनुसार ३ महिना कैद र ७१ लाख ९० हजार रुपैंया जरीवाना तोके पछि फरार रहेका थिए ।

आलमलाई पक्राउ गरी सम्मानित अदालतमा उपस्थित गराउदा जरिवाना बापतको रकम व्यहोर्न नसकि सम्मानित अदालतको आदेश अनुसार थुनामा राख्न झुम्का कारागार कार्यालय पठाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको थियो ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# कानुन अनुसारको योजना नभएर कार्यान्वयनमा समस्या

**सुमन सुस्केरा**

विराटनगर । लक्षित क्षेत्रको लागि बन्ने कानुन तथा नीतिको बारेमा छलफल नै नहुने गरेको सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिले बताएका छन् । प्रदेश सरकार स्थापना भएको ५ बर्ष पुग्नै लाग्दा प्रदेश सरकारका कतिपय कानुन र नीति बनाउँदा कार्यान्वायन गर्ने निकायहरुलाई नै जानकारी नहुँदा कार्यान्वायनमा समस्या हुने गरेको बताएका हुन् । विराटनगरमा संवाद समुहको आयोजनामा प्रदेशको लैंगिक समानता नीतिको सन्दर्भमा भएको संवादको क्रममा सहभागीहरुले राज्यले बनाउने कानुन अनुसारको योजना नभएर कार्यान्वायनमा जान नसकेको बताएका हुन् ।

बनेका कानुनहरु सही रुपमा कार्यान्वायनमा जान नसक्नुको कारण भनेको कुन बर्ग, कुन स्थान, कस्ता नागरिक लक्षित छन् ? कानुनका बारेमा जानकारी छ की छैन, उनीहरुलाई कसरी सही कानुनको बारेमा बुझाउने भन्नेमा राज्यले मापन गरेर जान नसक्दा बनेका कानुन पनि कार्यान्वायनमा चुनौती थपिएको बताएका हुन् । प्रदेश सरकारले बनाएका कतिपय कानुनहरु कार्यान्वायनमा जान नससक्नुको कारण पनि शुरुमा छलफल नगर्नु, योजना नबनाई कानुन ल्याउनु रहेको बताए ।

कानुन निर्माणमा तीन तहको सरकारका बिचमा समन्वय हुन नसक्दा पनि समस्या भएको उनीहरुरको तर्क छ । लैंगिक समाबेशी करण बजेट, लैंगिक समानता नीति लगायतको बारेमा स्थानीय तहलाई जानकारी नै नभएको पनि उनीहरुको भनाई छ । संघमा नीति बनाउने र पैरबी गर्ने, प्रदेशले समन्वयनका आधारमा नीति बनाउने र स्थानीय तह सँगको सहकार्यमा कार्यान्वायन जाने हो भने लैगिक समानता र समाबेशीकरण तथा बालबलिकाको क्षेत्रमा प्रसस्तै काम हुन सक्ने सरकारी तथा गैह्रसरकारी क्षेत्रको ठहर छ । स्थानीय सरकार बनेको ५ बर्षमा पनि कानुन नीति नियम,संयन्त्र र कार्यान्वायन गर्ने ब्यक्ति समेत नभएको अबस्था रहेको राष्ट्रिय बालकल्याण परिषद प्रदेश १ का फोकल पर्शन सुमन अधिकारीले बताए । 'प्रदेश सरकारले बनाएका ऐन कानुन स्थानीय तहले कार्यान्वायनमा चासै दिएको देखिँदैन, उनले भने, यस अघि बनेर पठाईएका धेरै कानुन कार्यान्वायनमा समस्या देखिएको छ, यस्तो हुनुको कारण भनेको सरकारहरुका बिचमा समन्वय देखिएको छैन ।' हरेक नीति बिराटनगर केन्द्रीत छलफल हुने तर क्षेत्रगत विभाजन गरेर छलफल नहुने गरेको कारण पनि नीति बन्छ तर सम्बन्धित क्षेत्रका ब्यक्तिले जानकारी नपाउने गरेको गुनासो उनको छ ।

आर्थिक प्रलोवन र दवावले महिला र बालिकामाथिको हिंसाका घटनाहरुमा कमी आउन नसकेको पनि छलफलमा सहभागीको निश्कर्ष छ। स्थानीय तहहरुमा लैँगिक हिंसानिवारण कोष नबन्न्, बाल हित कोष बन्न नसक्नुले पनि स्थानीय तहमा महिला तथा बालबालिकामाथि समस्या आउँदा काम गराउन निक्कै कठिनाई हुने गरेको गैसस महासंघ मोरङका सचिव सरिता खनालको भनाई छ । नीति बनाउँदा सरोकार वाला ब्यक्तिहरुले पत्तै नपाउने गरेको गुनासो गर्दै खनालले बालबालिका र महिलालाई समस्या पर्ने बितिकै उद्दार र घटनामा संलग्नलाई तत्काल कार्वाही हुने खालका नीति बनाउनु पर्ने बताईन् । खनालका अनुसार हरेक वडाले टोलमा दवाव समुहहरु बनाउने खालका नीति पालिकाबाट ल्याउनु पर्ने अबस्था छ । स्थानीय तहहरुको जेसी अडिट गर्दा अबस्था अत्यन्त कमजोर रहेको उल्लेख गरिन् । 'लैँगिक नीति कसैले बनाएको छैन्, उनले भनिन् लक्षित कार्यक्रम भनेको छ, सिलाई कटाई र बाखा पालन गरिएको छ।' लैगिक समानता नीति कहिले कसले बनाउने भन्नेमा पालिकाहरु स्पष्ट नभएको उनको भनाई छ ।

सामाजिक विकास मन्त्रालयकी अधिकृत सुनिता भट्टराईले प्रदेशमा बन्ने नीतिहरु छलफलबाट नै आउने गरेको बताईन् । लैँगिक समानता नीति बनाउने क्रममा धेरै छलफल हुनभने नसकेको स्वीकर गरिन् । उनले तीन तहको सरकारका बिचमा समन्वय र सहकार्य हुन नसकेको गुनासो गरिन् ।

मानव अधिकार आयोगका अधिकृत चिरञ्जीवी कोईरालाले स्थानीय तहले के गर्ने नगर्ने भन्ने बारेमा स्थानीय तह आफैँलाई जानकारी नभएको पाईएको बताए । 'पदाधिकारी र कर्मचारी नै अन्यौलमा देखिएका छन्, उनले भने, आफ्नो क्षेत्राधिकार के हो के मा राम्रो गर्न सकिन्छ भन्नेमा अन्यौलता देखिन्छ ।'

माईती नेपालका विनोद पोखरेलले सरकारले बनाउने कानुनमा कुन बर्ग कुन स्थान, कस्ता नागरिक पिडित छन्, उनीहरुलाई कानुनका बारेमा जानकारी छ की छैन, उनीहरुलाई कसरी सही ब्यवस्थापन गर्ने हो भने समस्याको समाधान सहितको कानुनबन्नु पर्ने बताए । 'हामी सहर बजारमा मात्र केन्द्रीत भएका छौँ , उनले भने, यस्ता ऐन कानुन बजारमा मात्र रहेको गाउँसम्म पनि पुग्न सकेको छैन ।'

एबिसी नेपालकी विष्णु शर्माले पछिल्लो समय महिला र बालिकाको अबस्था भयाबह र डरलाग्दो रहेको बताईन् । कानुनको बारेमा गाउँगाउँमा थाहा पनि नभएको अबस्थाले महिला र बालिका बलात्कारका घटना बढेको सुनाईन् । 'राज्यले कानुन बनाउने त्यो अनुसारको योजना नै नहुनुले कार्यान्वायन हुन सकेको छैन, उनले भनिन्, तीन तहको राज्यले बनाउने तीन खालको कानुन नागरिकसम्म कसले लगिदिने, योजना खै ?'

अधिवक्ता सञ्जु साहले ब्यवस्था परिवर्तन भएपनि अबस्था परिवर्तन नभएको सुनाईन् । सामाजिक न्याय र उत्तरदायीत्वको क्षेत्रमा राज्य नै जिम्मेवार बन्नु पर्ने उनको तर्क छ । लामो समयदेखि सामाजिक संघ संस्थाले काम गरेपनि त्यो आफ्ना एजेण्डा अघि बढाउनेगरि कार्यक्रमहरु भएकोले राज्यले आफ्नो छुट्टै योजना बनाएर लैँगिक उत्तरदायी र समाबेशी करणको मुद्दा स्थापित गराउन सक्नु पर्ने बताईन् । उच्च अदालत बारका उपाध्यक्ष अनिल खड्काले हरेक बिद्यालयहरुमा बालबालिका लक्षित मौलिक हकहरुको बारेमा पढाईनु पर्नेमा जोड दिए । कानुनका बारेमा सबैले जानकारी राख्ने खालको ब्यवस्था राज्य संयन्त्रबाट हुनु पर्नेमा उनको जोड छ ।

सरस्वती दनुवार र नवराज निरौलाले नीतिगत कुरा कार्यान्वायनको समस्या नभई नीतिहरु बनाउने बेलामा नै हामी चुक्ने गरेको बताए । बनाईने नीति समाबेशी छकी छैन, आबश्यक सरोकारवाला मैत्री नीति बनेको हो हैन मुख्य प्रश्न बनेको बताए । नीति कानुनहरु बनाउनु पूर्ब नै ब्यापक रुपमा छलफल गरेर जान सक्यो भने कार्यान्वायन मा लग्न सजिलो हुने स्वस्तिका पोखरेलको भनाई छ । अढाई महिनामा कोशी अस्पतालको ओसिएमसीमा झण्डै ८० वटा केशहरु आएको पोखरेलले बताईन् । लैँगिक हिंसामा परेका महिला, बालिकाहरुको लागि पालिकाले बनाउने नीति प्रभावकारी नहुँदा अस्पतालहरुमा उपचार नपाउने अबस्था रहेको बताईन् । मोरङ जिल्ला अदालतका रुद्रमणी पोखरेलका अनुसार बयस्कले बालबालिकाको शारिरिक तथा मानसिक रुपमा कसरी अघि बढेका छन् भन्ने बारेमा स्थानीय तहदेखि संघीय तहसम्म नै ठुलो खाडल देखिएको छ। हाम्रा कानुनहरु दण्ड जरिवाना भन्दा बाहिर आएर सामाजिक रुपमा के आबश्यकता हो कसरी जाँदा सहज हुन्छ भन्नेमा केन्द्रीत हुनु पर्ने बताए ।

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

हार्दिक मंगलमय
शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्द किशोर राठी
उद्योगी।व्यवासायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विवेक मालपानी
उद्योगी।व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डिएभी स्कुल परिवार
विराटनगर
रानी

# मोरंगको लेटाङमा भएको घटनको स्थलगत अनुगमन



बिराटनगर । मोरङको लेटाङ नगरपालिका वडा नं. ५ स्थित शिक्षा विकास माध्यमिक विद्यालयमा भएको घटना सम्वन्धमा १ नम्वर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी. समेतको टोलीले सोमवार अनुगमन गरिएको यियो ।

त्यसैगरी सो टोलीमा सशस्त्र बराह बाहिनी पकलीका सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरी तथा जिल्ला सुरक्षा समिति मोरङको पनि सहभागीता रहेको थियो ।

उक्त विद्यालयमा अध्ययनरत छात्रालाई सोही विद्यालयका एक शिक्षकले दुर्व्यवहार गरेको बिषयमा वाद विबाद हुँदा विद्यार्थी तथा बिधार्थीका अभिभावक अन्दाजि ४/५ सय जनाको संख्याले विद्यालयमा तोडफोड गरेको गर्न थालेको थियो ।

सोही भीडलाई प्रहरीले तितर वितर गर्ने क्रममा घाईते भएकी प्रहरी जवान उर्मिला श्रेष्ठको उपचारको क्रममा कोशी अस्पताल बिराटनगरमा मृत्यु भएको थियो ।

विद्यालयमा भएको घटनामा मृत्यु भएकि प्रहरी जवान उर्मिला श्रेष्ठको पाथिर्व शरिरमा १ नम्वर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले नेपाल प्रहरी संगठनको झण्डा ओढाउनु भई पुष्प गुच्छा सहित श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो ।

साथै प्रहरीको बैण्ड सहितको एक टुकडीले शोक सलामी समेत अर्पण गरेको थियो ।

उक्त घटनाको जाँचबुझ कमेटी गठन गरी घटना सम्वन्धमा थप अनुसन्धान भई रहेको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

# शिवरात्री र गाँजाको सम्बन्ध

**पण्डित दीनबन्धु पोखरेल**

पूर्वीय तथा वैदिक दर्शनले संसारमा चार रात्रिलाई बढी सम्बोधन गरेको छ । ती चार रात्रिमध्ये पहिलो 'मोहरात्रि' अर्थात् कृष्ण जन्माष्टमी, दोस्रोमा 'कालरात्रि' जो दसैंको समयमा पर्दछ । तेस्रोमा 'सुखरात्रि' अर्थात् लक्ष्मीपूजाको दिन । चौथोमा 'शिवरात्रि' जो अहिले हामी मनाइरहेका छौं । शिवरात्रि विशेषत: वसन्तु ऋतुको आगमनको संकेतका रुपमा पनि मानिन्छ ।

शिवको अर्थ कल्याण, समृद्धि हो । संस्कृत भाषामा 'शिव' को अर्थ अरुको हित गर्ने, परोपकार गर्ने हो । समग्र चराचर जगतको कल्याणका लागि साधना, ध्यान, सिद्धि नै हो भनेर पूर्वीय दर्शनले मानेको छ । शिवजीको जुन आकृति प्रचलनमा छ, त्यसमा शिवजीले सधैं ध्यान गरेको, साधना गरेको, एकाग्र भएको, ऊर्जा ऊर्जित गरेको पाइन्छ । ऊर्जा ऊर्जित गर्ने सवालमा अहिले विज्ञानले भनेको छ- हाम्रो शरीर रसायनले बनेको छ ।

हाम्रो शरीरले मादक पदार्थ, लागू पदार्थ सेवन गर्दा तत्क्षण नै शरीरभित्रको रसायनलाई उत्प्रेरकको काम गर्दछ । जसले गर्दा उन्मत्त हुन थालिन्छ ।शिव संहिता, शिव पुराण, लिङ्ग पुराण, स्कन्द पुराणको हिमवत् खण्डमा शिवजीको चर्चा छ । ती सबै पुराणमा गाँजा वा भाङ्गको एक शब्द पनि लेखिएको छैन ।

अहिले पनि कतिपय खेलाडीले उत्तेजना जगाउने वस्तु प्रयोग गर्दछन् । उनीहरु 'डोपिङ' परीक्षणमा फेल भएको भनेर सुनिन्छ । साधनामा पनि शरीरभित्रको रसायनलाई ऊर्जित गर्नका लागि कतिपयले त्यस्ता लागू पदार्थ प्रयोग गर्दछन् ।

आफैमा साधनाबाट विषलाई पनि पान गरेर शिवजीले सबै प्राणीको रक्षा गरेको भन्ने प्रसङ्ग पुराणमा उल्लेख छ । त्यसैले शरीरलाई ऊर्जित गर्न भगवान शिवजीले गाँजा, भाङ, धतुरो प्रयोग गर्नुभयो भनेर अर्थ लगाइयो भन्ने मलाई लाग्छ । जुनसूकै शास्त्र पल्टाएर हेरे पनि गाँजाको प्रसङ्ग कतै उल्लेख छैन ।

शरीर भनेको अन्तिममा भष्म नै हुने हो । अन्तिममा जीवनको लक्ष्य भनेको शरीरको भष्म हो, नाश हो । नाङ्गै आएको हो, नाङ्गै जाने हो भन्ने अर्थमा भगवान् शिवजी नाङ्गै बस्नुभयो । त्यसरी हिमालमा, कैलाश पर्वतको चिसोमा नाङ्गै बस्ने व्यक्तिले शरीरमा ताप तथा ऊर्जा पैदा गर्नका लागि गाँजा प्रयोग गर्नुभयो भन्ने अर्थमा शिव साधकहरुले बुझे, उनीहरुले प्रयोग गरे । तर शिवजीले नै गाँजा सेवन गरेको भन्ने प्रसङ्ग कतै छैन ।

कृष्ण पक्षको चतुर्दशीमा चन्द्रमाको तेज अति क्षीण हुन्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गर्दछ । शिवरात्रि भनेको कृष्ण पक्षको चतुर्दशीकै दिन पर्दछ । यस दिन चन्द्रमाको तेज वा प्रभाव कम हुन्छ । चन्द्रमा भनेको मनको शक्ति हो । चन्द्रमाको तेज वा प्रभाव कम भएको बेला मन विक्षिप्त हुन्छ, त्यो मनलाई ऊर्जा प्रदान गर्न, उत्तेजना पैदा गर्न 'शिव बुटी' भनेर गाँजा प्रयोग गर्ने चलन चलेको हो । यो चलन धेरैपछि आएर चलेको हो ।

अहिले गाँजा औषधिजन्य वस्तुका रुपमा पनि प्रयोग हुन थालेको छ । यसमा केही औषधीय गुण पनि छन् । त्यो विषयलाई अहिलेको विज्ञानले पनि पुष्टि गरेको छ । तर भगवान् शिवजीमा ऊर्जा पैदा गर्ने विशेष शक्ति भएकाले कतै गाँजाले पो ऊर्जा पैदा भएको हो कि भन्ने अर्थमा अनुयायीहरुले लिए । तर कुनै पनि पौराणिक आख्यान, हाम्रो ग्रन्थहरुमा गाँजासँग शिवजीको सम्बन्ध छैन ।

शिव सभ्यता, पाशुपत सभ्यता भनेको हिमालको सभ्यता हो । त्यसको आधारभूमि नेपाल हो । यो हिमाल, पहाडले बनेको क्षेत्र भएकाले यहाँ चिसोपन बढी हुने भयो । शिवजीको भूमि भनेको कैलाश पर्वत, मानसरोवरभन्दा तल । यस्तो चिसोपन भएको क्षेत्रमा शिवजीले नाङ्गै बसेर साधना गर्ने, जलमा डुबेर तपस्या गर्ने ।

शिवजीका साधकहरुले पनि त्यसरी ध्यान गर्दा, साधना गर्दा शरीरमा ताप पैदा गर्न, ऊर्जा पैदा गर्न जडिबुटीहरु सेवन गरे । यस क्रममा उनीहरुले गाँजा प्रयोग गरे । यसरी शिवजीको नाम जोडेर साधकहरुले पछि आएर गाँजा प्रयोग गर्न थाले । यसरी एउटा परम्पराको सुरुवात भएको हो । यो कुनै कालखण्डमा जोडिएको एउटा प्रसङ्गमात्र हो । यसमा पौराणिक आख्यान र शास्त्रीय आयाम हेर्दा शिवजी र गाँजाको सम्बन्धबारे कसैले प्रमाण दिन सक्दैन ।

कसैलाई मांस भोजन गर्न मन लागेको अवस्थामा देवीदेवताको नाममा बलि दिएरर खाए प्रसाद हुन्छ भनेर खाने बाटो बनाए । त्यसरी नै लागू पदार्थ सेवन गर्न मन लाग्दा शिवजीको बुटी हो वा प्रसाद हो भनेर खाए ।

हुन त भगवान शिवजीले समुद्र मन्थन गरेर निस्किएको विष पान गरेको हो । संसार ध्वस्त हुने चिज पान गरेकै कारण त्यसलाई अर्को अर्थ लगाएर शरीर लठ्याउने चिज अर्थात् गाँजालाई जोड्ने काम भएको हो ।

शिव तत्वमा साधना, उपासना, ज्ञान भनेर तीन आयाम जोडिएको छ । शिवलाई गाँजा, भाङ, धतुरोसँग जोड्दा यी तीन आयाम नै ओझेलमा पर्ने भयो । शिवसँग साधना, उपासना, ज्ञानका प्रसङ्ग जोड्नुपर्ने ठाउँमा लागू पदार्थसँग जोडिदिएर शिवप्रतिको आस्था, सम्मान कमजोर हुने हो कि भन्ने हाम्रो आशय हो ।

भगवान शिवको समयमा नभएर धेरैपछिको एउटा कालखण्डमा शरीरमा उष्णता ल्याउन, साधनामा एकाग्रता ल्याउन लागूपदार्थ प्रयोग भएको हो । साधना गर्दा मानिस लठ्ठिन्छ नि ! त्यो एकाग्रपन केले ल्याउँछ भन्दा लागूपदार्थ सेवन गरेपछि । लठ्ठिने भनेको कि त मादक पदार्थले हो, कि त लागूपदार्थले हो । मादक पदार्थ प्रयोग गर्दा घमण्ड, अहंकार पैदा गर्छ । लागूपदार्थले मानिस एकाग्र हुन्छ । गाँजा सेवन गरेको मान्छे लठ्ठिन्छ । त्यही भएर शिवजीजस्तै साधक बन्नका लागि गाँजा सेवन गर्नुपर्छ, मानिस लठ्ठिन्छ भन्ने अर्थमा साधकहरुले प्रयोग गरेका कारण शिवजी र गाँजाको सम्बन्ध धेरैपछि जोडिएको हो । लगभग हजार/पन्ध्रसय वर्ष अगाडि शिवजी र गाँजाको केही सम्बन्ध थिएन । साधकहरुले शरीर एकाग्र गर्नका लागि गाँजा प्रयोग गरेपछि यो किम्बदन्तीकै रुपमा शिवजीसँग जोडिएको हो । तर वास्तवमा साधना, उपासना र ज्ञानको आयामलाई शिव तत्वसँग जोड्नुपर्नेमा कुलत र गाँजासँग जोड्ने काम भयो । यो वैदिक परम्पराविरुद्ध छ भन्ने मलाई लाग्छ ।

**अहिलेको सन्दर्भमा शिव रात्रिको महत्त्व**

विज्ञान, तर्क र व्यवहारले चलेका अहिलेका युवा पंक्तिले बुझ्नुपर्ने कुरा हाम्रो शरीर भनेको रसायन हो । हामी हाँस्दा एउटा रसायन पैदा हुन्छ, रुँदा अर्को रसायन पैदा हुन्छ । रिसाउँदा अर्कै रसायन पैदा हुन्छ । स्तब्ध हुँदा अर्कै रसायन पैदा हुन्छ । त्यसैगरी साधनाले पनि हाम्रो शरीरमा 'मेटाबोलिजम' पैदा हुन्छ । साधना, योग, ध्यानले पोजेटिभ रसायन शरीरमा पैदा हुन्छ ।

शिव तत्व भनेको योगको प्रारम्भ हो । शिवलाई आदियोगी पनि भनिन्छ । योगको प्रारम्भ पाशुपत क्षेत्रबाट भगवान् शिवजीले गर्नुभएको हो । योग विश्वव्यापी भएको छ । योग गर्दा मानिसको आयु बढ्नेदेखि लिएर 'मेटापोलिजम' मा प्रभाव पर्ने र मानिस प्रसन्न हुने, भित्रैदेखि आनन्दित हुने गर्दछ । योग, साधना, ध्यानको सबैभन्दा पहिला सुरुवात गर्ने शिवजी नै हो ।

हाम्रो आयु, आरोग्यता वृद्धि गर्नका लागि, मनको शान्तिका लागि योग महत्वपूर्ण छ । यसको शुभारम्भ गर्ने भगवान् शिवजी हो भनेर हामीले सम्झिनुपर्छ । गौतमबुद्धले अलि वैज्ञानिक ढंगबाट यसलाई २५ सय वर्ष अगाडि गर्नुभयो, तर विश्वको आदियोगी अर्थात्, जेठो योगी भनेको शिवजी हो ।

अहिलेका युवा पंक्तिले योग, साधना र ध्यानलाई आधार मानेर जीवनमा सबै किसिमका सफलता हासिल गर्नका लागि शिवजीलाई एउटा साधकका रुपमा, आदियोगीका रुपमा, साधना पुञ्जका रुपमा लिनुपर्दछ । शिवजीले पैंलेटी कसेर ध्यान गरेको आकृतिमात्र हामी देख्छौं, जीवनलाई परिवर्तन गर्नका लागि एकाग्रपन, ध्यान, साधना गर्नुपर्छ भन्ने कुरा शिवजीबाट अहिलेका युवा पंक्तिले बुझ्न आवश्यक छ ।

अहिले अमेरिकाको 'नासा', जो विज्ञानको सबैभन्दा ठुलो केन्द्रमा पनि हरेक दिन आधा घण्टा त्यहाँका वैज्ञानिकले अनिवार्य बनाएका छन् । योगलाई उनीहरुले अनिवार्य बनाएका छन् । जबकि, योग र ध्यान भनेको कुरा पश्चिमाहरुको होइन । त्यो त हाम्रो नेपालबाट सुरु भयो । नेपालमा पनि आदियोगी शिवजीले सुरु गर्नुभयो । पाशुपत क्षेत्रबाट सुरु भएको योग विश्वका वैज्ञानिकहरुले माने भने अहिलेका हाम्रा युवा पंक्तिले हाम्रै चिजमा गौरव गरेर शिवजीलाई सम्झनु पर्दछ । हाम्रो मौलिक संस्कृतिले विश्वलाई एउटा सन्देश दिएको छ भने हामीले अहिलेको सन्दर्भमा शिवरात्रिलाई एउटा साधना, ध्यान, योग र जीवन बदल्ने, प्रशन्नता ल्याउने, आनन्दमा प्रवेश गर्ने नयाँ दिनका रुपमा लिनुपर्छ । रातोपाटीवाट ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दुग्ध विकास संस्थान
परिवार, कंचनवारी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD.
BIRATNAGAR

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी–बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लाईफ गार्ड हस्पिटल
परिवार, विराटनगर
वरगाछी